# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।०५ गते

# प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

श्री कालिका देवी प्राथमिक विद्यालय, पुल्लेतोला, अछाममा कार्यरत शिक्षक सुरत बहादुर रावलले शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाई पेश गरी कार्यरत रहेकोले कारबाही गरी पाउ भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षक सुरत बहादुर रावलले माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश भारतबाट प्राप्त हाइस्कूल उत्तीर्ण गरेको झुट्टा नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सरकारी सेवामा बहाल रही लाभसमेत लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता